गाउँसभामा गाउँपालिका उपाध्यक्ष

श्री भुमिसरा धितालज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७७/७८ को

# बजेट बक्तव्य

जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खजुराखुर्द,बाँके

२०७७ असार १० गते

जानकी गाउँपालिकाको नीति तथा कार्यक्रम (आ.व.२०७७/०७८)

## अध्यक्ष महोदय

1. नेपालको संविधान अनुसार गठन भएको यस जानकी गाउँपालिकाको आठौ वार्षिक बजेट पेश गर्ने अवसर पाएकोमा खुसी लागेको छ । यस अवसरमा जनआन्दोलन जनयुद्ध लगायतका संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । लामो संघर्ष र बलिदान बाट प्राप्त राजनीतिक उपलब्धि एवम स्थिरताले सिर्जना गरेको आशा र प्राप्त भएको अवसरले यस जानकी गाउँपालिकामा बिकास र समृद्धिको अनुभूति गर्न पाहिन्छ भन्ने हाम्रो इच्छा हो । मुलुकको राजनीतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने आदरणीय महानुभावहरु प्रति आभार ब्यक्त गर्दछु ।
2. विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ रोगको कारण विश्वले एकै पटक मानवीय र आर्थिक संकट सामना गर्नु परेको छ । स्वास्थ्य संकटबाट उत्पादन,व्यापार तथा लगानीसम्मको श्रीङखला प्रभावित भइ विश्व अर्थतन्त्रमा संकुचन आउने स्पष्ट संकेत देखिएको छ । विश्व अर्थतन्त्रसंगको अन्तरआवद्धताको कारण नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा समेत गम्भीर प्रभाव पर्न थालेको छ । यस्तो अवस्थामा औधोगिक पालिकाको रुपमा पहिचान बनाएको यो जानकी गाउँपालिका पनि प्रभावित भएको देखिन्छ ।
3. आगामी आर्थिक वर्षको आय व्यय बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीहरुलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित हुनुपर्छ भन्नेमा म सजग छु ।यस अवस्थामा जानकी गाउँपालिकाका बासीहरुको जीवनको रक्षा गर्न र तिब्र बिकासको बाटोमा लैजाने गरी बजेट तर्जुमा गरेकोछु ।
4. बजेट तर्जुमा को शिलशिलामा यस जानकी गाउँपालिकाका कार्यपालिकाका बिषयगत समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुको सल्लाह सुझावलाइ समेत ध्यान दिएकि छु ।

5. यस गाउँपालिकाले गाउँ पार्शवचित्र २०७५ निर्माण गरि गाउँपालिकाको आर्थिक,सामाजिक,भौगोलिक,संस्कृतिक, भाषिक र धार्मिक लगायत क्षेत्रका तथ्यांकहरु प्राप्त भई ती तथ्यांकलाई विश्लेषण,संश्लेषण गरि स्थानीय सरकार संचालन ऐन २०७४,प्रदेश तथा स्थानीय तहका साझा अधिकारका विषयमा एकरुपता कायम हुने गरि सहकारी,समन्वय र सह-अस्तित्वको सिद्धान्तलाई आत्मसाथ गरि आ.ब.२०७७/७८ को बजेट तथा कार्यक्रम तयार गरेकी छु ।

**अध्यक्ष महोदय**

अब म यस जानकी गाउँपालिकाका  चुनौतिहरुलाई यस प्रकार प्रस्तुत गरेकी छु :-

१. **आन्तरिक राजश्वको पहिचान** : गाउँपालिकाले लिने रजशवको क्षेत्र र नेपालको संविधानले स्थानीय तहलाई उपलब्ध गराएको अधिकार क्षेत्र भित्र रहि फराकिलो राजश्वको क्षेत्र पहिचान गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । राजस्व सम्बन्धी जनतामा रहेको धारणा र अपेक्षित प्रतिफल बिचको सामन्जस्यता कायम गर्नु तथा यस गाउँपालिकामा सम्भावित आन्तरिक आय कमजोर हुनु र केन्द्रित अनुदानको भरमा गाउँपालिकाका सबै कार्यक्रमहरु संचालन गर्नु पर्ने चुनौती रहेको छ ।

२. **पूर्वाधार विकास** : गाउँपालिका अन्तर्गतका योजना तथा संघ र प्रदेश सरकारको लागत साझेदारीमा संचालन हुने योजनाहरुको कार्यन्वयनका क्रममा बाधा अवरोध र द्धन्द सिर्जना भइ सरोकारवाला,  विभिन्न संघ संस्थाका स्वार्थ सम्बोधन गरी समयमा नै योजना सम्पन्न गर्न चुनौतीपूर्ण देखिएको छ । गाउँपालिकाको आफ्नो प्रशासनिक भवन निर्माण गर्नु पर्ने,  यस गाउँपालिका भित्र भवन निर्माण आचार संहिता लागु गर्ने वस्ती विकास योजना शहरी योजना र सडकका मापदण्डहरु लागु गर्ने पूर्वाधार विकासलाई आवश्यक पर्ने मेशिनरी औजारको अभाव जस्ता चुनौतीहरु हाम्रा सामु विद्यमान छन ।

३. **निर्वाचित पदाधिकारीको क्षमता विकास** : जनताबाट निर्वाचित भएर आउनु भएका पदाधिकारीहरुलाई स्थानीय तहको कानूनले पर्याप्त अधिकार काम र कर्तव्यहरु दिएको र एउटा सरकारको रुपमा सम्बोधन गरेको अवस्था छ । सरकार संचालन गर्न

आवश्यक पर्ने विधि र प्रक्रियाको विषयमा जानकारी गराउने क्षमता अभिवृद्धि गर्दै विधिको शासन स्थापित गर्नु चुनौतीपूर्ण रहेको छ ।

४. **कर्मचारीको व्यवस्थापन तथा क्षमता विकास :** नेपाल सरकारले यस गाउँपालिकामा सिर्जना गरेको दरबन्दी अनुरुपको कर्मचारीहरुको व्यवस्थापन गर्ने कार्य नभएकोले कार्यालयको काम समेत प्रभावित भएको देखिन्छ । हालका कर्मचारीहरुको स्थानीय तह अनुरुप कार्य र क्षमता विकास गर्नुपर्ने कार्य समेत चुनौती रहेको छ ।

५. **गरिबी निवारण र शैक्षिक स्तरमा सुधार :** यस गाउँपालिका भित्र विभिन्न जातजाति, वर्ण समुदायका व्यक्तिहरुको बसोबास रहेको छ । विभिन्न जातजाति बिच शैक्षिक र आर्थिक स्तरमा व्यापक अन्तर देखिएको छ ।सो अन्तरलाई न्यून गर्न र जीवन स्तरमा सुधार ल्याई सामाजिक मूलप्रवाहीकरण गर्न समेत आवश्यक छ ।

## अध्यक्ष महोदय

उपरोक्तानुसरका उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्ष आ.वं. ०७७/७८ को बजेटका प्राथमिकताहरु निम्नानुसार निर्धारण गरेकी छु :-

(क) रोजगारीका अवसरमा वृद्धि ।

(ख) गाउँ कार्यपालिकाको भौतिक पूर्वाधार व्यवस्थापनमा सुधार तथा प्रशासनिक भवन निर्माण र सेवा प्रवाह ।

(ग) पूर्वाधार विकास तथा चालु आर्थिक वर्षको आयोजनालाई आउने आ.ब मा निरन्तरता दिने ।

(घ) कृषि तथा पशुजन्य उत्पादनमा आधुनिकीकरण,व्यवसायिकरण र बजारीकरण ।

(ङ) शिक्षा,स्वास्थ्य,खानेपानी र सरसफाई ।

(च) संस्कृतिको संरक्षण र पर्यटन क्षेत्रको विकास ।

(छ) महिला, अपाङ्ग, बालबालिका, जेष्ठ नागरिक, दलित र युवा लक्षित कार्यक्रम ।

(ज) सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ।

(झ) कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रणको लागि कोष स्थापना गरी बजेट बिनियोजन ।

## अध्यक्ष महोदय

अब म उल्लेखित चुनौती, उद्देश्य र प्राथमिकताको आधारमा तयार गरिएको आर्थिक वर्ष आ.वं. २०७७/७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०७७/७८ को कुल व्यय रु. ५९ करोड ५६ लाख ८२ हजार ८० रुपिया बिनियोजन गरिएको छ। कुल बजेटको चालु तर्फ ४२ करोड ९४ लाख ३२ हजार अर्थात ७२.१० प्रतिशत अंश रहेको छ भने पुँजीगत तर्फ १६ करोड ६२ लाख ५० हजार ८० रुपैंया अर्थात २७.९ प्रतिशत अंश रहेको छ ।

| शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| संघीय समानिकरण अनुदान | ७,००,००,००० | ५,१७,००,००० | ० | १२,१७,००,००० | |
| संघीय सशर्त अनुदान | १,६०,००,००० | ७९,००,००० | ० | १६,७९,००,००० | |
| संघीय राजस्व बाँडफाँड | ४,५०,००,००० | ३,५४,२३,०८० | ० | ८,०४,२३,०८० | |
| प्रदेश समानिकरण अनुदान | ५१,००,००० | ३,७७,००० | ० | ५४,७७,००० | |
| प्रदेश सशर्त अनुदान | ० | १,४८,५०,००० | ० | १,४८,५०,००० | |
| प्रदेश विशेष अनुदान अनुदान | ० | ६०,००,००० | ० | ६०,००,००० | |
| प्रदेश राजस्व बाँडफाँड | ४,३३,२०,००० | ० | ० | ४३,३२,००० | |
| आन्तरिक राजस्व प्राप्ति | २,५०,००,००० | १,००,००,००० | ० | ३,५०,००,००० | |
| अल्या रकम (अनुमानित) | ० | ४,००,००,००० | ० | ४,००,००,००० | |
| सामाजिक सुरक्षा | १२,००,००,००० | ० | ० | १२,००,००,००० | |
| जम्मा | ४२,९४,३२,००० | १६,६२,५०,०८० | = | ५९,५६,८२,०८० | |
| | ७२.१०% | २७.९% | | | |

**अन्त्यमा,**

प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने गाउँपालिका अध्यक्ष ज्यू, सबै वडा अध्यक्षा ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँ सभा सदस्य ज्यूह, विज्ञ एवं सल्लाहकार ज्यूहरु, राजनीति दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निजी क्षेत्र लगायत गाउँबासी दाजुभाई तथा दिदी बहिनीहरु एवं कोभिड-१९ को कारणले गर्नु परेको बन्दाबन्दी, सामाजिक दुरी कायम गर्नु पर्ने बाध्यात्मक अवस्था लगायतका प्रतिकुलता बीच धैर्यताका साथ बजेट तर्जुमा गर्ने क्रममा खटिने राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

मिति : २०७७/०३/१० गते, बुधवार

भूमिसरा घिताल
उपाध्यक्ष
जानकी गाउँपालिका, बाँके